# प्रेस विज्ञप्ती

मिति : २०७४।०४।१५

न्यूनतम पारिश्रमिक निर्धारण समितिले आफ्नो कार्यादेशअनुसार श्रमजीवी पत्रकार ऐन २०५१ ले तोकेको जिम्मेवारीअन्तर्गत रहेर देशव्यापी सर्वेक्षण गरेको छ । विभिन्न सञ्चार प्रतिष्ठानमा कार्यरत श्रमजीवी पत्रकार, कर्मचारी र कामदारको अवस्था ऐनअनुसार छ कि छैन ? भन्ने कुरा समितिले अनुगमन गरेको थियो । देशैभर कार्यरत श्रमजीवी पत्रकार, कर्मचारी र कामदारको वास्तविक अवस्था समेटिएको यो प्रतिवेदन माननीय सूचना तथा सञ्चारमन्त्री श्री मोहनबहादुर बस्नेतमार्फत नेपाल सरकारसमक्ष पेश गर्दछौं । प्रतिवेदनमा ऐन कार्यान्वयनको अवस्था, श्रमजीवी पत्रकार, कर्मचारी र कामदारको अवस्था, ऐनअनुसार पाउनुपर्ने सेवासुविधा कार्यान्वयनको अवस्था तथा कार्यान्वयनका लागि नेपाल सरकारले गर्नुपर्ने भूमिकाको विषयमा सुझावसमेत समावेश गरिएको छ ।

समितिले आफ्नो कार्यकालमा विभिन्न समयमा देशैभर अनुगमन गरेर यो प्रतिवेदन तयार गरिएको छ । हरेक प्रदेशमा स्थलगत अनुगमन गरिएको छ । सबै प्रदेशमा गरेर झण्डै ६० जिल्लाका श्रमजीवी पत्रकार, कर्मचारी र कामदार औपचारिक तथा अनौपचारिक रुपमा अनुगमनमा सहभागी भएका छन् । काठमाडौं उपत्यकामा रहेका रेडियो, टेलिभिजन, पत्रपत्रिका र अनलाइन प्रतिष्ठानमा पुगेर ऐन कार्यान्वयनको अवस्थाका साथै प्राप्त सुझाव र सल्लाह समेटिएको छ । अध्ययनका क्रममा नेपाल पत्रकार महासंघका विभिन्न ३८ वटा शाखासँग समन्वय गरिएको थियो । अनुगमनका क्रममा ७ सय ५६ श्रमजीवी पत्रकार, कर्मचारी र कामदारले प्रत्यक्ष रुपमा समितिबाट उपलब्ध गराइएको फारम भरेका छन् । सञ्चार व्यवस्थापक र पत्रकार महासंघले समेत छुट्टाछुट्टै फारम भरेर वास्तविकता पत्ता लगाउन सहयोग गरेका छन् । त्यही आधारमा यो प्रतिवेदन तयार पारिएको छ ।

ऐनले तोकेबमोजिम न्यूनतम पारिश्रमिक नपाउनेको संख्या अहिले पनि ३२ दशमलव ३ प्रतिशत रहेको छ । ऐनले तोकेको न्यूनतम पारिश्रमिक मात्र पाउने ३५ दशमलव ७ प्रतिशत छन् भने तोकेभन्दा बढी पाउनेको संख्या ३२ प्रतिशत रहेको छ । यसले नेपाली श्रमजीवी पत्रकार, कर्मचारी र कामदारले तहगत वर्गीकरणअनुसार तलब पाउनसमेत समस्या भएको कुरा प्रष्ट भएको देखाउँछ । विधागत अवस्थालाई हेर्दा रेडियोमा कार्यरत ४२ दशमलव ६ प्रतिशत श्रमजीवी पत्रकार, कर्मचारी र कामदारले न्यूनतम पारिश्रमिक पाएका छैनन् । पत्रपत्रिकामा कार्यरतमध्ये ३२ दशमलव ६ प्रतिशतले र टेलिभिजनमा कार्यरत २४ दशमलव ९ प्रतिशत श्रमजीवी पत्रकार, कर्मचारी र कामदारले न्यूनतम पारिश्रमिक पनि पाउन सकेका छैनन् । अनलाइनमा कार्यरतमध्ये २१ दशमलव ५ प्रतिशतले न्यूनतम पारिश्रमिक पाउन सकेका छैनन् ।

नियुक्तिपत्र प्राप्त गर्ने पत्रकारको संख्या पनि निकै कम देखिएको छ । जम्मा ७४ दशमलव २ प्रतिशत पत्रकारले मात्र नियुक्तिपत्र प्राप्त गरेका छन् । नियुक्तिपत्र प्राप्त गर्नेमध्ये ४४ दशमलव १ प्रतिशत स्थायी छन् भने ५५ दशमलव ९ प्रतिशत अस्थायी रहेका छन् । अहिले पनि २५ दशमलव ८ प्रतिशत

श्रमजीवी पत्रकार, कर्मचारी र कामदारले नियुक्तिपत्र पाउन सकेका छैनन् । सञ्चार प्रतिष्ठानमा कार्यरत पत्रकार, कर्मचारी र कामदारमध्ये ६३ दशमलव ९ प्रतिशत पूर्णकालीन छन् भने २२ दशमलव १ प्रतिशत आंशिक, १३ दशमलव ५ प्रतिशत स्ट्रिन्जर र नखुलेका शून्य दशमलव ५ प्रतिशत रहेका छन् । २६ दशमलव २ प्रतिशतलाई अहिले पनि श्रमजीवी पत्रकार ऐनले तोकेको पारिश्रमिकबारे जानकारी छैन ।

सञ्चार प्रतिष्ठानमा पारिश्रमिक भुक्तानीको अवस्था हेर्दा अहिले पनि हरेक महिना तलब खाने पत्रकार, कर्मचारी र कामदारको संख्या जम्मा ६६ दशमलव ९ प्रतिशत रहेको छ । ९ दशमलव ९ प्रतिशतले दुई महिनामा एक पटक तलब बुझ्छन भने २३ दशमलव १ प्रतिशत पत्रकारले तीन महिनामा एक पटक वा सोभन्दा बढी समयमा मात्र तलब पाउने अवस्था छ । ४३ प्रतिशत सञ्चार प्रतिष्ठानमा अहिले पनि कुनै पनि बिदाको व्यवस्था गरिएको छैन । ५७ दशमलव ७ प्रतिशत सञ्चार प्रतिष्ठानले ऐनले तोकेको सेवासुविधाबाट श्रमजीवी पत्रकार, कर्मचारी र कामदारलाई वञ्चित गरेका छन् ।

अनुगमनका क्रममा श्रमजीवी पत्रकार ऐन कार्यान्वयनको अवस्था फितलो देखिएको छ । न्यूनतम पारिश्रमिक र नियुक्तिपत्र दिने कुरामा समेत उल्लेख्य सुधार हुन सकेको छैन । ऐनको पूर्ण कार्यान्वयनका लागि यस प्रतिवेदनमा महत्वपूर्ण सुझाव दिइएको छ । ऐन कार्यान्वयन नगर्नेलाई सरकारी निकायबाट दिइने कुनै पनि प्रकारका विज्ञापनसमेत रोक्ने, सूचना विभागबाट प्राप्त गर्ने पत्रकार परिचयपत्र लिंदा कम्तीमा तीन महिनासम्मको पत्रकारको तलब पठाएको बैंक भौचर उपलब्ध गराउनेलगायतका सुझाव प्राप्त भएका छन् ।

**न्यूनतम पारिश्रमिक निर्धारण समिति**

संचारग्राम, काठमाडौं ।

फोन नं. ०१-४११२५३९ email : mediawage@gmail.com